# सामुदायिक माध्यामिक विद्यालयमा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# सामुदायिक माध्यामिक विद्यालयमा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

<u>प्रस्तावनाः</u>

प्रदेश भित्र सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा व्यावसायिक सीपको विकास गराइ विद्यालय तह देखि सीप शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन हुने सामुदायिक माध्यामिक **विद्यालयमा सीप शिक्षा** कार्यक्रम सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा (२) बमोजिम सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको हो।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**सामुदायिक माध्यामिक विद्यालयमा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०८२।०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम " सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम" सम्झनु पर्दछ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ग) "विद्यालय" भन्नाले बागमती प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ।

(छ) "सीप शिक्षा" भन्नाले व्यावसायिक ज्ञान सीप र अभ्यासको संयोजन सहितको दफा ४ बमोजिमको कार्यक्रम सम्झनु पर्दछ।

## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य र शैक्षिक कार्यक्रम

३. <u>उद्देश्यः</u> (१) कार्यक्रमको प्रमुख उद्देश्य विद्यालय तह देखि विद्यार्थीहरुमा सीपको विकास गर्नु।

(२) कार्यक्रमका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) सामुदायिक विद्यालयमा सीप शिक्षाको प्रवर्द्धनका लागि शैक्षिक कार्यक्रम निर्धारण गर्नु

(ख) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह र विद्यालय छनोटका लागि मापदण्ड र सञ्चालन प्रक्रिया तय गर्नु

(ग) विभिन्न विधागत क्षेत्रमा छोटो अवधिको सिपमूलक तालिम सञ्चालन गरी विद्यार्थीमा सीप र श्रमप्रतिको सम्मान र सकारात्मक मनोवृत्ति विकास गर्नु,

(घ) कार्यक्रम सञ्चालनमा संलग्न हुने सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

४. **सामुदायिक माध्यामिक विद्यालयमा सीप शिक्षा कार्यक्रमः**(१) चालू आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेटको परिधिभित्र रहि कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत प्रधानाध्यापकहरुको लागि अभिमुखीकरण कार्यक्रम र शिक्षकहरुको लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(३) विद्यालय तह देखि नै विद्यार्थीहरुमा सीप शिक्षाको विकासका लागि विद्यार्थीहरुमा सिप शिक्षाको आधारभूत ज्ञान र सीप हासिल गर्न सहयोग पुग्ने विषयवस्तु छनोट गरि सामग्रीहरुको विकास र प्रबोधिकरण गरिनेछ।

(४) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयले कक्षा ९ र कक्षा ११ का विद्यार्थीहरुलाई स्थानीय आवश्यकता र विद्यार्थीहरुको चाहना र सम्बन्धित प्रशिक्षकहरुको उपलब्धताका आधारमा तालिमको विषय छनोट गरी १०० घण्टा बराबरको सीपमूलक तालिम सञ्चालन गर्ने व्यवस्था गरिनेछ। प्रत्येक उपसमूहको सिकाइका लागि वार्षिक कार्यघण्टा १०० हुनेछ।जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनु पर्नेछ ।

(५) स्थानीय तहसँगको सहकार्य एवम् समन्वयमा यस कार्यक्रमलाई सञ्चालन गर्न सकिनेछ।शुरुको वर्ष निर्देशनालयले सामुदायिक विद्यालय छनोट गरी विद्यालयले प्रस्ताव गरेको सीपमुलक तालिम सञ्चालन गर्न सक्नेछ।

(६) प्राविधिक सिप र ज्ञानको संयोजन सहितको कार्यक्रम नै शिक्षामा सिप कार्यक्रम भएकोले विद्यार्थीहरुमा दैनिक व्यावहारिक जीवनमा उपयोगी हुने विभिन्न प्राविधिक सिपप्रति अभिमुखीकरण प्रदान गरिने छ। विद्यार्थीको उपसमूह गठन गर्दा सामान्यतया ३०/३५ जनासम्मको समूह गठन गर्न सकिने छ । यो कार्यक्रम हाललाई कक्षा ११ मा मात्रै सञ्चालन गरिनेछ। विद्यार्थीहरुको समूह गठन गर्न विद्यार्थी कम भएमा कक्षा ९ का विद्यार्थीहरु समेत सहभागी गराउन सकिनेछ ।

५. **सिप शिक्षाको** विषयक्षेत्र :- (१) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रममा देहाय बमोजिमका विषयक्षेत्र समेटन सकिनेछः-

(क) विद्यालयहरुमा House wiring & Electrician, Beautician & hairstyle, Mobile & Electronic, पाककला, फेसन डिजाइन एवं सिलाइ, प्लम्बिङ, फर्निचर एवं काठको काम, चित्रकला र मूर्तिकला, कृषि लगायतका विषय क्षेत्रसँग सम्बन्धित सीपहरुको विकासमा जोड दिनु पर्नेछ।

(ख) सीप शिक्षा निर्देशिकाबमोजिमको ढाँचामा यस निकायबाट विकास गरी कार्यान्वयनमा ल्याइएका व्यावसायिक/प्राविधिक शिक्षा सम्बन्धी विभिन्न विषय क्षेत्रका पाठ्यक्रम तथा मोड्युलहरूलाई विद्यालय/समुदायको आवश्यकता अनुरुप सञ्चालन गर्न सकिनेछ ।

(ग) विद्यालयले बजारको माग अनुसारका व्यावसायिक सीपका मापदण्डित विविध मोड्युलहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(घ) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रमका लागि अनुसूची १ बमोजिम विषयक्षेत्र/विधाको विवरण रहनेछ।

६. विद्यालय छनोटका सर्त: (१) कार्यक्रम सञ्चालन हुने विद्यालयहरूले देहाय बमोजिमको सर्तहरू पूरा गरेका हुनुपर्नेछ:

(क) कक्षा १२ सम्म अध्यापन हुने सामुदायिक माध्यमिक विद्यालय हुनुपर्नेछ.

(ख) सामुदायिक विद्यालयले कक्षा ९ र कक्षा ११ गरी न्यूनतम ५० जना विद्यार्थी नियमितरुपमा अध्यापन गरेको हुनु पर्नेछ।

(ग) प्रदेश सरकारबाट नमुना विद्यालयको रुपमा विकास गर्न छनोट भई सहयोग गरिएका १० सामुदायिक माध्यमिक विद्यालय, सामुदायिक विद्यालयमा आवासीय कार्यक्रमका लागि सहयोग गरिएका सामुदायिक माध्यमिक विद्यालयहरुमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) उपदफा (१) को खण्ड (ग) बमोजिमका विद्यालयहरु बाहेक अन्य विद्यालयहरु छनोटको लागि सूचना प्रकाशन गरिनेछ।

ङ) स्थानीय तहबाट सीप शिक्षा लगायत सीपमूलक कार्यक्रम सञ्चालन भएका विद्यालयले आवेदन दिन पाउने छैनन् ।

च) चालु आर्थिक वर्षमा मन्त्रालयबाट सिक्दै कमाउँदै कमाउँदै सिक्दै कार्यक्रम, कृत्रिम बौद्धिकता (AI) र साइबर सुरक्षा सम्बन्धी कार्यक्रम प्राप्त गरेका विद्यालयहरुले आवेदन दिन पाउने छैन ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

७. सूचना प्रकाशन तथा प्रस्ताव सम्बन्धमा: (१) कार्यक्रममा सञ्चालनका लागि विद्यालय छनोटका लागि निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई आवेदन पेस गर्न सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना निर्देशनालयको वेबसाइटमा राख्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि विद्यालयले इमेल मार्फत वा प्रत्यक्ष रुपमा तोकिएको म्याद भित्र निर्देशनालयमा प्रस्ताव सहित आवेदन पेश गर्नु पर्नेछ।

(३) कार्यक्रम सञ्चालनका लागि विद्यालयले देहायका कागजातहरु संलग्न गरी आवेदन दिनु पर्नेछ:

क) सीप शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गर्न चाहेको विषय र सञ्चालनका गर्ने प्रक्रिया समावेश गरिएको प्रस्ताव पत्र

ख) विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सहमती र प्रतिवद्धता सहितको सिफारिस पत्र

ग) विद्यालयको प्रोफाइल (विद्यालयमा सञ्चालन भएको शैक्षिक कार्यक्रम र विद्यार्थी संख्याको विवरण )

**८. विद्यालयको छनोटका आधारः** (१) सूचना प्रकाशन भएपछि आवेदन प्राप्त भएका विद्यालयहरु मध्ये दफा ६ बमोजिम शर्त पुगेका विद्यालयहरुमध्येबाट विनियोजन बजेटको परिधि भित्र रहि अनुसूची २ बमोजिम विद्यालय छनोट गरिनेछ ।

**९. कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) यो कार्यक्रम निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय, र विद्यालय मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(२) स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारीमा सामुदायिक विद्यालयमा सञ्चालन गर्न सकिनेछ ।

(३) सिप शिक्षा कार्यक्रम सञ्चालन हुने स्थानीय तह र विद्यालयका प्रधानाध्यापक वा कार्यक्रम संयोजकलाई कार्यक्रमको उद्देश्य, कार्यान्वयन प्रक्रिया र व्यावसायमूलक सीप कार्यक्रमको पाठ्यक्रम /पाठ्यसामग्री लगायतका विविध पक्षमा अभिमुखीकरण गरिनेछ।

(४) स्थानीय तह र विद्यालयहरुको छनोट गरी तहाँको आवश्यकता पहिचान, प्रोफाइल विकास, तालिम र अनुगमनलगायतका कार्यहरु गर्न स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ ।

(५) शिक्षामा सिप कार्यक्रम सञ्चालनका लागि विद्यालयले सिपसँग सम्बन्धित सेवा प्रदायक संस्था मार्फत सेवा परामर्श खरिद गरी सञ्चालन गर्न सकिनेछ। आगामी दिनमा विद्यालयले विद्यालयकै शिक्षकलाई क्षमता अभिवृद्धि गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६) सिप शिक्षा कार्यक्रम सञ्चालनको लागि अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरी प्रति विद्यालय रु २ लाख ५० हजार सम्म विद्यालयलाई उपलब्ध गराइनेछ।

**१०. शिक्षामा सिप कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक छनोट प्रक्रियाः** (१) सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोटका लागि प्रचलित खरिद कानुनको अवलम्बन गर्नुपर्नेछ। सामान्यतया देहायको प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

क) आवश्यक कागजातसहित सम्बन्धित विद्यालयमा सेवा प्रदायक सूचीकृत हुनु पर्नेछ।

ख) सूचीकृत सेवा प्रदायकमध्येबाट प्राविधिक तथा आर्थिक कोटेशन माग गर्नु पर्नेछ।

५

ग) मूल्याङ्कन समितिले गरेको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कनको आधारमा सेवा प्रदायक छनोट गर्नुपर्नेछ।

घ) छनोट भएका सेवा प्रदायकसँग विद्यालयले कार्यसम्पादनको प्रक्रिया, भुक्तानी प्रक्रिया लगायत समेटी कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

ङ) विद्यालयले कार्यादेश दिइसकेपछि सम्झौताअनुरूप सेवा प्रदायकले कार्य सञ्चालन गर्नु पर्नेछ। कार्य सम्पादन सम्पन्न भएपछि नियमानुसार भुक्तानी दिनुपर्नेछ।

## परिच्छेद-४

## संरचनात्मक व्यवस्था

**११. निर्देशक समिति:** सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) विद्यालय शिक्षा हेर्ने महाशाखा प्रमुख मन्त्रालय | - सदस्य |
| (ग) निर्देशनालय रहेका जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख | - सदस्य |
| (घ) निर्देशनालय रहेका स्थानीय तहको शिक्षा प्रमुख | - सदस्य |
| (ङ) निर्देशक समितले मननोनयन गरेको शिक्षा विद् | - सदस्य |
| (च) महानिर्देशक, निर्देशनालय | – सदस्य सचिव |

**१२. निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) सामुदायिक विद्यालयमा सीप शिक्षा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने

(ख) स्थानीय तह र विद्यालयको छनोटका लागि सहजीकरण गर्ने

(ग) स्थानीय तहसँग समन्वय गर्ने

(घ) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने

(ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. कार्यक्रम कार्यान्वयन समिति: १) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम कार्यान्वनका लागि देहाय बमोजिमको समिति रहनेछ:-

(क) महानिर्देशक, निर्देशनालय -अध्यक्ष

(ख) निर्देशक, योजना हेर्ने महाशाखा निर्देशनालय सदस्य

(ग) महाशाखा प्रमुख, योजना हेर्ने मन्त्रालय -सदस्य

(घ) निर्देशक समितिले मनोनयन गरेको विद्यालयको प्रअ -सदस्य

(ङ) अधिकृत, योजना तथा शिक्षा विकास शाखा – सदस्य सचिव

**१४. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने

ख) कार्यक्रम सञ्चालन हुने विद्यालयको अनुगमन तथा मूल्याङ्कन गर्ने

ग) कार्यक्रम सञ्चालन हुने स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने

२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्य सञ्चालन निर्देशिका अनुसार हुनेछ।

३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## सम्बद्ध निकायहरूको भूमिका

**१५. मन्त्रालयको भूमिकाः**(१) कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

(ग) सङ्घ र स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने

(घ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने।

**१६. निर्देशनालयको भूमिकाः**(१) कार्यक्रम कार्यान्वयनका लागि निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) स्वीकृत कार्यविधि बमोजिम सीप शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने

(ख) अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने

(ग) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने

(घ)कार्यक्रमका सिकाई एवम् असल अभ्यासहरू अन्य स्थानिय तहमा आदान प्रदान गर्ने ।

**१७. स्थानीय तहको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने

(ख) स्थानीय सङ्घ संस्थाहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको लागत साझेदारीको व्यवस्था गर्ने

(घ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने। कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने ।

(ङ) सम्वन्धित सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू आदान प्रदान गर्ने।

१८. **विद्यालयको भूमिकाः** १)कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको भूमिका देहायवमोजिम हुनेछः

क. कार्यक्रम कार्यान्वयनका लागि योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङकनमा नेतृत्वदायी भूमिका लिने

ख. विद्यालयमा सीप शिक्षा कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने र अभिमुखीकरण गर्ने

ग. सीप शिक्षामा सहभागी विद्यार्थीहरुको प्रोफाइल विकास र अध्यावधिक गर्ने

घ. सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोट, सम्झौता, कार्यादेश र भुक्तानी गर्ने

ङ. प्रशिक्षक, सम्पर्क शिक्षकलगायत सम्बन्धित सेवा प्रदायकहरूको कामको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने ।

१९. **फोकल शिक्षकको भूमिकाः** १)कार्यक्रम कार्यान्वयनका लागि फोकल शिक्षकको भूमिका देहायबमोजिम हुनेछः

(क) विद्यार्थीहरूका समूह तथा उपसमूहहरू निर्माणमा समन्वय र सहजीकरण गर्ने

(ख) विद्यार्थीहरूलाई कार्यक्रमका सम्बन्धमा सचेतीकरण गर्ने

(ग) आवश्यक अभिमुखीकरण तथा तालिमहरुमा सक्रिय सहभागिता जनाउने

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापन गर्ने

(ङ) विद्यार्थीसँगै क्रियाकलापहरूमा सहकार्य र सक्रिय सहभागि हुने

(च) प्रत्येक दिनको कार्यक्रमको छोटो सारांश तयारी र रिपोर्टिङ र अभिलेखीकरण गर्ने ।

## परिच्छेद- ६
## अनुगमन र प्रतिवेदन

१९. अनुगमन तथा मूल्याङ्कनः (१) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि विद्यालयमा तपशिल बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नु पर्नेछः

(क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) सम्वन्धित विद्यालयको शिक्षक अभिभावक सङ्घको प्रतिनिधि – सदस्य

(ग) सम्वन्धित विद्यालयको प्रध्यानध्यपाक – सदस्य सचिव

(२) अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन गरी प्रतिवेदन निर्देशानलयमा उपलब्ध गराउनु पर्नेछ।

(३) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(४) सम्बन्धित सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू आदान प्रदान गर्न व्यवस्था गर्ने ।

२०. अनुगमन, मूल्याङ्कन र सिकाइ: (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न विद्यालय, स्थानीय तह,निर्देशनालय र मन्त्रालयबाट गरिने व्यवस्था हुनेछ। कार्यक्रमका सिकाइ एवम् असल अभ्यास आदान प्रदान गर्ने परिपाटीको व्यवस्था गरिनेछ। कार्यक्रमबाट विद्यार्थीहरुमा भएका सकरात्मक प्रमुख परिवर्तन (Most significant change)हरूको पहिचान गरी थप प्रभावकारी बनाउन आवश्यक साधनहरूको विकास र प्रयोग गरिनेछ।

## परिच्छेद-७

## विविध

२१. **अभिलेख व्यवस्थापन:** सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रममा सहभागी विद्यालय, शिक्षक र विद्यार्थीहरुको अभिलेखीकरणका लागि उपयुक्त प्रणालीको विकास गरी अद्यावधिक गर्ने व्यवस्था निर्देशनालयले गर्नेछ ।

२२. **कार्यक्रमबाट खर्च हुने:** तालिम सञ्चालनका लागि खर्चका आधारहरू अनुसूची ४ बमोजिम हुनेछ ।

२३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा अन्यत्र जसनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नुपर्नेछ।

२४. **कार्यविधि संशोधन तथा परिमार्जन:** यस कार्यविधिमा उल्लेख भएका विषयमा आर्थिक दायित्व आवश्यक पर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई र अन्य कुनै बाधा अड्काउ परेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

अनुसुची १

(दफा ५ उपदफा (१) को खण्ड (घ) सँग सम्वन्धित)

सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम अन्तर्गतका सीपका विषयक्षेत्र

सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको लागि सीप शिक्षा कार्यक्रम अन्तर्गत सिप विकासका प्रारम्भिक तथा छोटा अवधिका मोडुलर तालिम प्याकेजहरू सञ्चालन गरी विद्यार्थीहरूमा श्रम र सिप प्रतिको अभिमुखीकरणका कार्यक्रम सञ्चालन हुनेछन् । शिक्षामा सिपका लागि विषयक्षेत्र/विधा निम्न तालिकामा उल्लेखित हुनेछन्। यसका अतिरिक्त विद्यालयको लागि उपयुक्त अन्य विधा वा विषयक्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ। प्रत्येक विषयक्षेत्र/विधाको सिकाइ सहजीकरण पुस्तिका तयार गरिनेछ। निर्देशनालयले सहजीकरण पुस्तिका तयार नगर्दासम्म तपिसलका विषयक्षेत्र/विधामा अन्य निकायले तयार गरेका सामग्रीहरु उपयोगमा ल्याउन सकिनेछ। प्रत्येक उपसमूहको सिकाइका लागि वार्षिक कार्यघण्टा १०० हुनेछ ।जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनु पर्नेछ।

| क्र सं | सिप विकासका विषय क्षेत्र |
|---|---|
| 1 | Agriculture and Urban Farming |
| 2 | Beautician and Hair Style |
| 3 | Carpentry and Wood Carving |
| 4 | Culinary Arts |
| 5 | Fashion Design and Clothing Construction |
| 6 | House Wiring and Electrical |
| 7 | Indigenous and Contemporary Masonry (Disaster Readiness) |
| 8 | Mobile and Electronics |
| 9 | Plumbing |
| 10 | Sketching and Sculpture |
| 11 | ................................ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रम सञ्चालनका लागि विद्यालय छनोटका आधार

| क्रं स. | आधार | अंक | कैफियत |
|---|---|---|---|
| १ | कक्षा ९ र कक्षा ११ मा अध्ययन गर्ने कुल विद्यार्थी संख्या: | १० अंक | |
| | २० वा सो भन्दा कम भएमा | ८ अंक | |
| | २१ वा सो भन्दा बढि भएमा | १० अंक | |
| २ | सीप विकासका लागि सामाग्रीको उपलब्धता: | १० अंक | |
| | बजारबाट खरीद गर्नुपर्ने सामाग्रीमा आधारित सीप कार्यक्रम प्रस्ताव भएमा | ८ अंक | |
| | मूल्य पर्ने स्थानीय सामाग्रीमा आधारित सीप कार्यक्रम प्रस्ताव भएमा | ९ अंक | |
| | मूल्य नपर्ने स्थानीय सामाग्रीमा आधारित सीप कार्यक्रम प्रस्ताव भएमा | १० अंक | |
| ३ | सीपको अभ्यासका लागि जग्गाको उपलब्धता | ५ अंक | |
| | २ कठ्ठा भन्दा कम जग्गा भएमा | ३ अंक | |
| | २ देखि ५ कठ्ठासम्म जग्गा भएमा | ४ अंक | |
| | ५ कठ्ठा भन्दा बढी जग्गा भएमा | ५ अंक | |
| ४ | स्थानिय तहको प्रकार: | ५ अंक | |
| | महानगरपालिका/उपमहानगरपालिका भएमा: | ३ अंक | |
| | नगरपालिका/गाउँपालिका भएमा: | ५ अंक | |
| ५ | स्थानीय तहबाट साझेदारी सहितको सिफारिस | ५ अङ्क | |
| ६ | जनशक्ति | ५ | |
| | सीप विकास प्रशिक्षक विद्यालयमै उपलब्ध नभएमा | ३ | |
| | सीप विकास प्रशिक्षक विद्यालयमै उपलब्ध भएमा | ५ | |
| ७ | सीपसँग सम्बन्धित तालिम कक्ष, प्रयोगशाला र उपकरणको | १० | |

| | | | |
|---|---|---|---|
| | उपलब्धता<br>तालिम कक्ष,प्रयोगशाला र उपकरण उपलब्ध नभएमा<br>तालिम कक्ष प्रयोगशालामात्रै उपलब्ध भएमा<br>उपकरणमात्रै उपलब्ध भएमा<br>तालिम कक्ष,प्रयोगशाला र उपकरण उपलब्ध भएमा | <br>६<br>८<br>८<br>१० | |

अनुसूची - ३

(दफा ९ को उपदफा ६ सँग सम्बन्धित)

सम्झौता पत्र

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ........................जिल्लाको ................................... गाउँपालिका/नगरपालिका............................विद्यालय (यसपछि द्वितीय पक्ष भनिएको) बिच सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः

१. सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई अधिकतम रु. ............ अनुदान उपलब्ध गराइनेछ ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ, बाँकी ५० प्रतिशतसम्मको रकम कार्य सम्पन्न गरेपछि बिल भरपाई बमोजिम विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा अन्तिम किस्ता रकम निकासा दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४. सम्झौता विपरीत कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै बेला यो सम्झौता रद्द गर्नेछ। सम्झौता रद्द भएमा दिइएको अनुदान रकम सम्बन्धित विद्यालयबाट फिर्ता गर्नु पर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः

१) सिप शिक्षा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित खरिद कानुन बमोजिम सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोट गर्ने

२) सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि समयतालिकासहित आवश्यक व्यवस्थापन गर्ने

३) फोकल पर्सन शिक्षक छनोट गरी तालिमको लागि सिफारिस गर्ने,

४) विद्यार्थीहरुलाई सिप शिक्षा सम्बन्धी परियोजना कार्यक्रम सञ्चालन गर्ने

५) कार्यक्रमको कार्यान्वयन योजना बनाइ दैनिक क्रियाकलापहरुको अभिलेख समेत राख्ने

६) उल्लेखित अनुदान रकम दोस्रो पक्षले निम्न शीर्षकमा खर्च गर्नु पर्नेछः-

क. सेवा प्रदायक संस्था वा प्रशिक्षकको पारिश्रमिक

ख. विद्यार्थीहरुमा परियोजना कार्य सञ्चालन सम्बन्धी कार्यक्रम

ग. सिप शिक्षा कार्यक्रम सम्बन्धी शिक्षण सिकाइ कार्यक्रम सञ्चालन

घ. कार्यक्रम कार्यान्वयनका लागि समन्वय, सहजीकरण र व्यवस्थापन गर्न ।

ङ. यस कार्यविधिको अनुसूचि-४ बमोजिम खर्च गर्ने

७) सम्बन्धित शीर्षकमा छुट्याइएको रकम सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्नेछ। तोकिएको शीर्षकमा तोकिएको रकम अपुग भई थप गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले नै व्यवस्थापन गर्नुपर्नेछ।

८) दोस्रो पक्षले ............................ हप्ताभित्र कार्य सम्पन्न गरी ..................भित्र बिलभरपाई अनिवार्य रुपमा पेस गरिसक्नुपर्नेछ ।

९) विद्यालयले सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

१०) प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालयको हुनेछ ।

११) विद्यालयले यो कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

१२) नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ ।

१३) खरिद भएका सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वत: विद्यालयको ।

१४) दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नु पर्नेछ:-

- सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाईको प्रमाणित प्रतिलिपि
- सिप शिक्षा कार्यक्रम कार्यान्वयन भएको माइन्यूटको प्रमाणित प्रतिलिपि
- सञ्चालन भएका क्रियाकलाप र खरिद गरी दाखिला गरिएका सामानहरूको विवरण
- कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण क्रियाकलापहरु समावेश गरी शीर्षकगत यथार्थ खर्च भएको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन (कार्यक्रम सम्बन्धी तस्वीरहरु सहितको समग्र प्रतिवेदन) ।

सम्झौता गर्ने व्यक्तिहरू

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| शिक्षा विकास निर्देशनालयको तर्फबाट: | विद्यालयको तर्फबाट: |
| १. महानिर्देशकको नाम: | १ प्रधानाध्यापकको नाम: |
| हस्ताक्षर............ | हस्ताक्षर............................ |

रोहवर

| | |
|---|---|
| १. महाशाखा/शाखा प्रमुख | १.विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| नाम: | नाम |
| हस्ताक्षर | हस्ताक्षर |

कार्यालयको छाप:

सम्झौता सम्पन्न भएको मिति: ................/....../.....

## अनुसूची ४

(दफा २२ सँग सम्बन्धित)

### सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने आधारहरू

क) निर्देशनालय व्यवस्थापन

- वस्तु, सेवा र परामर्श खरिद प्रचलित खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रदेश खरिद नियमावली बमोजिम हुने।
- बैठक भत्ता, कार्यशाला गोष्ठी र अभिमुखीकरणको लागि स्टेशनरी ,खाजा खर्च र प्रशिक्षण लगायतको खर्च प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- अभिमुखीकरण कार्यशाला र तालिम कार्यक्रम सञ्चालन लागत
- पाठ्यसामग्री/स्रोत सामग्रीको विकास: प्रदेश सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास सम्बन्धी कार्यविधि २०७७ बमोजिम र प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार ।

ख। विद्यालय

- सीप शिक्षा कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका संघ संस्था वा व्यक्तिहरु मार्फत सेवा लिने ।
- सीप कार्यक्रमको प्रशिक्षणका लागि प्रशिक्षकको पारश्रमिक
- सीप कार्यक्रमका लागि आवश्यक सामग्रीहरुको खरिद तथा व्यवस्थापन
- विद्यालयले यस कार्यक्रम अन्तर्गत खरिद गरिएका मालसामान तथा सेवाको प्रचलित कानून बमोजिम जिन्सी दाखिला गर्नु पर्नेछ ।
- सामुदायिक सीप शिक्षा कार्यक्रम अन्तर्गत प्रतिसमूह अधिकतम देहाय बमोजिमका दरले विद्यालयलाई रकम निकासा गरिने छ:

| क स | विषय क्षेत्र | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | एग्रीकल्चर एण्ड अर्बान फार्मिङ | २०००००।- | |
| २ | ब्युटिसियन एण्ड हेयर स्टाइल | २२५०००।- | |
| ३ | कार्पेन्ट्री एण्ड वुडकार्भिङ | २२५०००।- | |
| ४ | कलिनरी आर्ट्स | २२५०००।- | |

| | | | |
|---|---|---|---|
| ५ | फेसन डिजाइन एण्ड क्लोथ कन्स्ट्रक्सन | २२५०००।- | |
| ६ | हाउस वायरिङ एण्ड इलेक्ट्रिकल | २०००००।- | |
| ७ | इन्डिजेनियस एण्ड कन्टेम्पररी मेसनरी | २१५०००।- | |
| ८ | मोबाइल एण्ड इलेक्ट्रोनिक्स | २१५०००।- | |
| ९ | प्लम्बिङ | २४५०००।- | |
| १० | स्केचिङ एण्ड स्कल्प्चर | २४५०००। | |
| ११ | अन्य | २२५०००। | |

- विज्ञ प्रशिक्षकका रूपमा व्यक्तिसँग विद्यालयले सेवा लिनुपर्ने भएमा योग्यता सुनिश्चित गरी सुचिकृत विज्ञ मध्येबाट पारिश्रमिक तोकी सम्झौता गरी सेवा लिन सकिने छ । विज्ञ सेवा लिँदा वा प्रशिक्षक व्यवस्था गर्दा विद्यालयले छनौट गर्ने विज्ञ वा प्रशिक्षकको न्यूनतम योग्यता सम्बन्धित विषयमा डिप्लोमा हासिल गरी सोही क्षेत्रमा कम्तिमा ३ वर्ष अनुभव हासिल गरेको हुनुपर्नेछ।

- विद्यालयले सेवा प्रदायक संस्थासँग सम्झौता गरी कार्यक्रम गर्नुपरेमा वा विद्यालय स्वयमले व्यवस्थापन गर्ने भएमा कार्यक्रम संचालनको लागि देहायबमोजिम शीर्षकगत खर्च बाँडफाँट गरी व्यवस्थापन गर्नुपर्नेछ ।

  - ✓ विज्ञ वा प्रशिक्षकको पारिश्रमिक बापत प्रतिदिन करसहित रु. २००० सम्म
  - ✓ व्यवस्थापकीय खर्च बापत प्रति समूह बढीमा रू.३०००० सम्म
  - ✓ समूहगत सामग्री व्यवस्थापन बापत प्रतिसमुह बढीमा रु. २०,००० सम्म
  - ✓ फोकल शिक्षकका लागि खाजा खर्च प्रति दिन रू.१५० का दरले रू.३७५० सम्म
  - ✓ फोकल शिक्षकले आफू रहेको समूहको प्रतिवेदन पेस गरे बापत रू.२००० सम्म